"शिक्षा, स्वास्थ्य, कृषि तथा पर्यटन र पूर्वाधार-समृद्ध नेत्रावती डबजोङको मूल आधार"

नेत्रावती डबजोङ गाउँपालिकाको नक्सा

नेत्रावती डबजोङ गाउँपालिका

नेत्रावती डबजोङ गाउँपालिका

वडा कार्यालयहरु

वडा नं. १ मिलनटोल मार्पाक

वडा नं. २ ताङ्जोमाने

वडा नं. ३ सेमजोङ, चौतारा

वडा नं. ४ थर्पु, भोटेनी (गुठीबजार)

वडा नं. ५ कटुञ्जे बजार

बागमती प्रदेश

धादिङ जिल्ला



प्रकाशक

नेत्रावती डबजोङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सेमजोङ, धादिङ

बागमती प्रदेश, नेपाल

Url: netrawatimun.gov.np, Email: netrawatimun@gmail.com

मूद्रक : न्यू पशुपति छापाखाना, धादिङबेसी, ०१०-५२००९९

"शिक्षा, स्वास्थ्य, कृषि तथा पर्यटन र पूर्वाधार-समृद्ध नेत्रावती डबजोङको मूल आधार"

तेह्रौं गाउँसभाबाट स्वीकृत

नेत्रावती डबजोङ गाउँपालिकाको

नीति तथा कार्यक्रम, वार्षिक योजना र बजेट

(आर्थिक ऐन तथा विनियोजित ऐन सहितको योजना पुस्तिका)

आ.व. २०८०/०८१

नेत्रावती डबजोङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सेमजोङ, धादिङ

बागमती प्रदेश, नेपाल

गाउँपालिकाको गतिविधिहरू

गाउँपालिकाको गतिविधिहरू

गाउँपालिकाको गतिविधिहरू

गाउँपालिकाको गतिविधिहरू

गाउँपालिकाको गतिविधिहरू

वडा नं. १

वडा नं. २

वडा नं. ३

वडा नं. ४

वडा नं. ५

गाउँपालिका अन्तर्गत प्राकृतिक, धार्मिक, सांस्कृतिक स्थलहरू

गाउँपालिका अन्तर्गत प्राकृतिक, धार्मिक, सांस्कृतिक स्थलहरू



गाउँपालिका अन्तर्गत प्राकृतिक, धार्मिक, सांस्कृतिक स्थलहरू

तेह्रौं गाउँसभाबाट पारित नेत्रावती डबजोङ गाउँपालिकाको

आ.व. २०८०/०८१ को

नीति तथा कार्यक्रम, वार्षिक योजना र बजेट

आर्थिक ऐन तथा विनियोजन ऐन सहितको योजना पुस्तिका

नेत्रावती डबजोङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सेमजोङ, धादिङ

बागमती प्रदेश, नेपाल

नेत्रावती डबजोङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सेमजोङ, धादिङ

बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्या (F/Y): २०८०/०८१ मिति (Date): २०८०।०५।०५

चलानी नं. (Ref No.):

दुई शब्द

संघीय संरचना अनुरुप नेपालको संविधान २०७२ को परिकल्पना अनुरुप नेपाललाई राज्य सञ्चालन गर्ने राज्य शक्तिको बाँडफाँड गरे अनुसार नेपाल संघिय ढाँचा अनुसार संघ, प्रदेश र स्थानीय तह संविधानमै प्रष्ट व्यवस्था गरिएको हुँदा तिनै तहले आ-आफ्नो सरकार सञ्चालन ऐन कानुन, आर्थिक प्रशासन, विकास निर्माण गर्ने क्षेत्रधिकार संविधानले स्वयत्तता प्रदान गरिएको नेपालको संविधानको धारा ५७ को उपधारा ४ को अनुसूची-७ मा उल्लेखित स्थानीय तहको काम कारबाहीलाई कानुन सम्वत र व्यवस्थित मर्यादित बनाउदै सुशासन कायम गर्न काम कारवाही सेवा प्रवाह विधिसम्वत बनाउने प्रयास गरिएको छ । संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा मुलुकमा दिगो शान्ति, विकास, स्थायीत्व, सुशासन र समृद्धिको आकांक्षा पुरा गर्ने संकल्प नेपालको संविधानले गरेको छ । सामाजिक सुरक्षा तथा सामाजिक न्याय प्रर्वद्धन गर्न समावेशी सन्तुलित तथा दिगो सामाजिक आर्थिक, भौतिक विकास गर्नु साथै सकारात्मक सांस्कृतिक रुपान्तरण आजको मुलभुत आवश्यकता रहेको छ । नेपाली जनता विचमा रहेको उच्च मनोकांक्षालाई क्रमिक रुपमा पुरा गर्न माथि उल्लेखित कामहरु पुरा गर्न गाउँपालिका प्रतिबद्ध रहेको छ । विकासको फाइदा तल्लो तहसम्म पुर्याइ सबै गाउँबासीले गर्व गर्ने अवस्था सिर्जना गर्न गाउँपालिका प्रतिवद्ध रहेको छ । साथै आ.व. २०८०/०८१ मा गाउँपालिका अन्तर्गत कार्यन्वयन हुने नेत्रावती डबजोङ गाउँपालिकाको नीति तथा कार्यक्रम, वार्षिक योजना र वार्षिक बजेटको पुस्तक रातो किताब तयार गरीसरोकारवाला समक्ष पुर्याउन सहयोग गर्नु हुने जनप्रतिनिधि ज्युहरु, कर्मचारीहरु, सुरक्षाकर्मी, राजनैतिक दल, विभिन्न संघसंस्था, नागरिक समाज तथा सम्पूर्णलाई हार्दिक धन्यावाद ज्ञापन गर्न चाहन्छु ।

मेघनाथ रिजाल

अध्यक्ष

नेत्रावती डबजोङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सेमजोङ, धादिङ

बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्या (F/Y): २०८०/०८१ मिति (Date): २०८०।०५।०५

चलानी नं. (Ref No.):

शुभकामना

पूर्विय दर्शनको उद्‌गम थलोका रुपमा नेपाल, मानव सभ्यता र संस्कृतिका दृष्टिले अत्यन्तै महत्वपुर्ण रहँदै आएको छ । प्राचीन कालदेखि नै प्राकृतिक सम्पदाको धनी मुलुकका रुपमा हाम्रो देश, तपोभूमि, ज्ञानभूमि र पुण्यभूमिका रुपमा प्रसिद्ध छ । वैदेशिक शक्तिका सामु कहिल्यै नझुकेको नेपाली स्वाभिमानले घरेलु दासत्वका विरुद्ध लामो संघर्ष गर्नु परेको थियो । झण्डै सात दशक लामो अनवरत प्रजातान्त्रिक आन्दोलनको जगमा नेपाली समाजले वास्तविक स्वतन्त्रता र प्रजातन्त्रको आभाष गर्न पाएको छ । दोस्रो संविधान सभाले नयाँ संविधान जारी गरे पश्चात नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत हुन सक्यो । प्रजातान्त्रिक आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने तमाम ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक शब्द श्रद्धान्जली अर्पण गर्दछु । नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको राज्य संरचना गर्दा संघ, प्रदेश र स्थानीय तहमा विभाजन गरेको छ । यी तीनै तहले संवैधानिक व्यवस्था अनुरुप राज्य शक्तिको प्रयोग गर्दछन् । संविधानले एकल र साझा अधिकारको व्यवस्था गरी बाँडफाँड गरेको छ । स्थानीय तहले कार्यकारिणी, व्यवस्थापकिय र न्यायीक अधिकारको प्रयोग संवैधानिक प्रावधान अनुरुप व्यवस्था गरेको छ । स्थानीय तहले न्यायीक समिति मार्फत न्यायीय अधिकार प्रयोग गर्दछ । राज्यको आधारभूत जगका रुपमा स्थानीय तह रहेको छ । स्थानीय तहको कार्य सम्पादन संघीय व्यवस्थाको भविष्य निर्भर गर्दछ । निकै लामो प्रजातान्त्रिक संघर्षबाट प्राप्त जनअधिकारलाई संस्थागत गर्ने हो भने जन आकाँक्षा अनुरुप स्थानीय तहको कार्य सम्पादन हुन जरुरी छ । राजनैतिक अधिकारलाई संस्थागत गर्दै आर्थिक क्रान्तिको ढोका खोल्नका निम्ति स्थानीय तह एक महत्वपूर्ण कडीका रुपमा रहेको छ । समृद्ध नेपाल निर्माणको महान अभियान सफल बनाउनका निम्ति स्थानीय तह महत्वपुर्ण कोसे ढुँगा बन्न सक्छ । यसका निम्ति स्थानीय तहमा आवश्यक ऐन कानुन, र नीति नियम निर्माण गरी त्यसको सफल कार्यान्वयनमा जनप्रतिनिधि, कर्मचारी, सेवाग्राही सबैको भूमिका महत्वपुर्ण हुने गर्दछ । स्थानीय सरकार अन्तर्गतका सम्पुर्ण अँगहरुलाई गतिशील गराउँदै हाम्रो कार्यकालमा गाउँपालिकाले विकास र समृद्धिमा युगान्तकारी फड्को मार्नेछ भन्ने विश्वास लिएको छु ।

जन आकाँक्षा पुरा गर्नका निम्ति गाउँपालिकाले आवश्यक ऐन, कानुन, नीति, योजना तथा कार्यक्रम तय गरी यसको सफल कार्यान्वयनका लागि स्थानीय सरकार अघि बढेको छ । गाउँपालिकाले आफ्नो भावी सम्पुर्ण भावी योजनालाई रातो किताव मार्फत जनसमक्ष ल्याउन लागेको कुरा सगौरव प्रस्तुत गर्दै यसको सफलताको निम्ति आवश्यक सहयोगका लागि सम्बन्धित सबैमा हार्दिक आग्रह गर्दछु ।

सीतामाया गुरुङ (चोदेन)
उपाध्यक्ष

नेत्रावती डबजोङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सेमजोङ, धादिङ

बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्या (F/Y): २०८०/०८१ मिति (Date): २०८०।०५।०५

चलानी नं. (Ref No.):

मेरो भनाई

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१(१) तथा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (३) बमोजिम नेत्रावती डबजोङ गाउँपालिकाले वार्षिक रुपमा गाउँ सभामा अनिवार्य रुपमा पेश गर्नुपर्ने बजेटलाई स्रोत अनुमान तथा सीमा निर्धारण समिति, राजश्व परामर्श समिति, बजेट तथा कार्यक्रम तर्जुमा समितिका अलावा विषयगत समितिहरुमा दफाबार छलफल गरी गाउँ कार्यपालिकाबाट मिति २०८०।३।८ मा संशोधन, थप तथा परिमार्जन गरी अन्तिम स्वीकृतिका लागि तेह्रौं गाउँ सभामा पेश भए बमोजिम मिति २०८०।०३।३१ मा गाउँ सभा सदस्यज्यूहरुको विकास गर्ने तीव्र चाहना तथा मर्मलाई समेत समेटी पारित गरिएको यस वार्षिक विकास योजना तथा बजेट कार्यक्रम सर्वसाधारणको सुसूचित हुन पाउने हक अधिकारको संरक्षण र सम्बर्द्धन गर्दै जानकारीको लागि प्रकाशन गरिएको छ ।

स्थानीय सरकारको दोस्रो निर्वाचन मार्फत दोस्रो वर्ष प्रकाशित यस रातो किताबमा समेटिएको वार्षिक नीति तथा कार्यक्रम, आर्थिक ऐन, विनियोजन ऐन, बजेट वक्तव्यका साथै गाउँपालिकाको वार्षिक गतिविधिहरुको झलकहरु समेटिएको यस पुस्तकले सेवाग्राहीमैत्री गुणस्तरीय दिगो विकास कायम गर्न गाउँपालिकालाई सचेत तुल्याउनका साथै पारदर्शिता र उत्तरदायित्व प्रवर्द्धन गर्ने अपेक्षा गर्दै विकास निर्माणमा स्थानीय नागरिकको सहभागीकरण गर्दै अपनत्व बोध हुने विश्वासका साथ गाउँपालिकालाई मितव्ययीपूर्ण खर्च तर्फ उन्मुख गराउने यस आ.व. २०८०/०८१ को रातो किताबले समावेशी विकास गतिविधि सञ्चालनमा स्थानीय नागरिकको रचनात्मक सुझाव तथा सहभागिताको अपेक्षा गर्दछु । साथै समयमै यस रातो किताब तयार पार्न सहयोग गर्नुहुने सम्पूर्ण नवनिर्वाचित जनप्रतिनिधिहरु, कर्मचारीहरु तथा आम नेत्रावती डबजोङ गाउँबासी प्रति हार्दिक आभार प्रकट गर्दछु ।

हरेराम साह

प्रमुख प्रशासकीय अधिकृत

विषय-सूचि

१)	गाउँपालिकाको चिनारी	१
२)	वार्षिक नीति तथा कार्यक्रम	४
३)	नेत्रावती डबजोङ गाउँपालिकाको आर्थिक ऐन २०८०	९
४)	नेत्रावती डबजोङ गाउँपालिकाका विनियोजन ऐन, २०८०	२३
५)	नेत्रावती डबजोङ गाउँपालिका आ.व. २०८०/०८१ को बजेट वक्तब्य	२४
६)	आय र व्ययको स्रोत मिलान	३०
७)	अनुसूची २ राजस्व तथा अनुदान प्राप्तिको अनुमान	३२
८)	अनुसूची ५ क्षेत्रगत व्यय अनुमान	३५
९)	कार्यक्रम/परियोजना अनुसार बजेट विनियोजन	३७
१०)	गाउँसभाका निर्णयहरु	७०
११)	गाउँसभा पदाधिकारीहरुको विवरण	७७
१२)	नेत्रावती डबजोङ गाउँपालिकाको स्थायी कर्मचारी विवरण	७८
१३)	नेत्रावती डबजोङ गाउँपालिकाको अस्थायी कर्मचारी विवरण	८०

गाउँपालिकाको चिनारी

पृष्ठभूमि :

नेत्रावती डबजोङ गाउँपालिका बागमती प्रदेशको धादिङ जिल्लामा रहेको छ । यस गाउँपालिकाको स्थापना मिति २०७३ फाल्गुन २७ गते भएको हो । यस गाउँपालिकाको नामाकरणको सन्दर्भमा नेत्रावती डबजोङ नदी र डबजोङ दरबारको नामबाट नेत्रावती डबजोङ गाउँपालिका रहन गएको हो । नेत्रावती डबजोङ नदीको मुहान गणेश हिमालमा रहेको छ । गणेश हिमाल गणेशको आँखा जस्तो ठाउँबाट बग्ने भएकोले यस नदीलाई परापूर्वकालदेखि आँखु खोला भनिन्थ्यो । पछि पण्डित मोहन प्रसाद लामिछानेले कोटीहोम गरी नेत्रावती नाम राखेको भनाई पाईन्छ । सो नदीको नामबाट यस गाउँपालिकाको नाम सुरुमा नेत्रावती राखिएता पनि पछि प्रायजसो बसोवास गरिरहेका तामाङ समुदायहरूको समेत प्रतिनिधित्व हुने गरी माग सम्बोधन गर्दै गाउँ सभाबाट साविक सेमजोङ गा.वि.स.मा रहेको प्राचिन ऐतिहासिक वाइवा राजाको डबजोङ दरवारको नामलाई जोडेर यस गाउँपालिकालाई नेत्रावती डबजोङ गाउँपालिका भनी नामाकरण गरीयो र मिति २०७४/०९/२९ गतेमा नेपाल राजपत्रमा प्रकाशित गरियो । तामाङ भाषामा डबजोङको अर्थ अग्लो भागमा रहेको दरबार भन्ने बुझिन्छ ।

यस गाउँपालिका साविकका ३ वटा गा.वि.स.हरू (मार्पाक, सेमजोङ र कटुञ्जे) मिलेर बनेको हो । स्थानीयहरूको भनाई अनुसार पृथ्वी नारायण शाहको पाला देखि गोरखा दरबार आरुघाट, कटुञ्जे बजार, भञ्याङ्गभुरुङ्ग, सामरी हुदै नुवाकोट दरबार आउने जाने मुख्य सडक रहेको थियो । वि.सं. २०२८ सालमा धादिङ जिल्लाको सदरमुकाम धादिङबेशी हुनु अगाडिसम्म कटुञ्जे बजार धादिङ जिल्लाकै प्रमुख व्यापारीक केन्द्र रहेको थियो भने हाल यो बजार अस्तित्वमा रहन समेत गाह्रो परेको छ । साविकको सेमजोङ गा.वि.स. वि.सं. २०३६ सालमा सेमजोङ पञ्चायत भनी स्थापना भएको हो । नेपालमा नापी वि.सं. २०३२ सालमा भएकोले त्यो बेलासम्म मार्पाक र कटुञ्जे पञ्चायत मात्र हुँदा हालसम्म सेमजोङको नामबाट लालपुर्जा नरहेको पाईन्छ ।

हाल नेत्रावती डबजोङ गाउँपालिकामा पाँचवटा वडाहरू रहेका छन । यस गाउँपालिकामा विशेष गरी तामाङ, गुरुङ, ब्राह्मण, क्षेत्री, नेवार, मगर तथा दलित समुदायको बसोबास रहेको छ । यस गाउँपालिका भित्र अवस्थित धार्मिक तथा ऐतिहासिक स्थलहरूमा डबजोङ दरबार, हेराह ताल, बिन्दुकेशर महादेवस्थान, कुण्डला देवी मन्दिर, बाराही मन्दिर, नवबुद्ध क्षेत्र, वाकाराहा आदि रहेका छन् । यस गाउँपालिकाका मानिसहरूको मुख्य पेशा कृषि भएपनि केही मानिसहरू दैनिक ज्यालादारीमा आधारित मजदुरी, जागिर तथा वैदेशिक रोजगारीमा संलग्न रहेका छन् ।

यस गाउँपालिकाको पूर्वमा नुवाकोटको मेघाङ गाउँपालिका, पश्चिममा त्रिपुरासुन्दरी र गंगाजमुना गाउँपालिका, उत्तरमा खनियाबास गाउँपालिका र दक्षिणमा निलकण्ठ नगरपालिका रहेका छन् ।

भौगोलिक अवस्थिति

नेत्रावती डबजोङ गाउँपालिकाको कार्यालय रहेको स्थानको अक्षांश र देशान्तर निम्नानुसार रहेको छ । अक्षांश : २७°५८'५७'' उत्तर देशान्तर : ८४°५ ९'४२'' पूर्व

सिमाना

नेत्रावती डबजोङ गाउँपालिका कुल क्षेत्रफल १८१.७८ वर्ग कि.मि. मा फैलिएको छ । नेत्रावती डबजोङ गाउँपालिका धादिङ जिल्लामा अवस्थित छ । यस गाउँपालिका साविकका तिन वटा गा.वि.स.हरू (मार्पाक, सेमजोङ र कटुञ्जे) मिलेर बनेको हो । यस गाउँपालिकामा पाँच वटा वडाहरू रहेका छन् । हाल नेत्रावती डबजोङ गाउँपालिकाको सिमाना निम्नानुसार रहेको छ ।

पूर्व : मेघाङ गाउँपालिका, नुवाकोट

उत्तर : खनियाबास गाउँपालिका, धादिङ

पश्चिम : त्रिपुरासुन्दरी र गंगाजमुना गाउँपालिका

दक्षिण : नीलकण्ठ नगरपालिका

धादिङ भु-बनावट तथा माटोको प्रकार नेत्रावती डबजोङ गाउँपालिकाको धेरै जसो भाग तल्लो हिमाली क्षेत्रमा पर्छ जसलाई महाभारत श्रृंखला पनि भनिन्छ । यस क्षेत्रमा महाभारत श्रृंखलामा पाईने चुनढुंगा लगायत अन्य चट्टानहरू पाईन्छ ।

राजनैतिक अवस्थिति

नेत्रावती डबजोङ गाउँपालिका साविकका तिन वटा गा.वि.स.हरू (मार्पाक, सेमजोङ र कटुञ्जे) लाई मिलाएर नयाँ संरचना अनुसार मिति २०७३ फाल्गुन २७ गतेमा स्थापना भयो र ५ वटा वडाहमा विभाजन गरियो ।

तालिका २ : गाउँपालिकाको हालका वडाहरू र समावेश भएका साविकका गा.वि.स. र वडाहरू

नेत्रावती डबजोङ गाउँपालिकाको वडाहरू	समावेश भएका साविकका गा.वि.स.हरू	साविकको गा.वि.स.का वडाहरू
१	मार्पाक	२-८
२	मार्पाक	१, ९
	सेमजोङ	७- ९
३	सेमजोङ	१-६
४	कटुञ्जे	१-४
५	कटुञ्जे	५- ९

श्रोत : नेत्रावती डबजोङ गाउँपालिका कार्यालयको वेबसाईट

प्राकृतिक सम्पदा

यस गाउँपालिका प्राकृतिक सम्पदाका रुपमा धनी रहेको छ । यस क्षेत्रमा विभिन्न नदीनाला, तथा, तलैयाहरू, वन जंगलहरू हुनुका साथै हिमाली क्षेत्रको मनोरम दृश्यावलोकन पनि गर्न सकिन्छ ।

जनसाङ्ख्यिकी विवरण

वडागत रुपमा यस गाउँपालिकाको जनसङ्ख्या वितरण तपसिल बमोजिम छ ।

क्र.सं.	वडा नं.	महिला	पुरुष	जम्मा
१	१	१२२६	११०१	२३२७
२	२	८२१	७६४	१५८५
३	३	११६२	१११५	२२७७
४	४	१३७९	११४२	२५२१
५	५	१३६१	१२३९	२६००
	जम्मा	५९४९	५३६१	११३१०

वार्षिक नीति तथा कार्यक्रम

नेत्रावती डबजोङ गाउँपालिकाको गाउँसभाका प्रमुख अतिथि, गाउँसभा सदस्य ज्यूहरु, अतिथि ज्यूहरु, सम्पुर्ण कर्मचारीहरु तथा उपस्थित सम्पुर्ण बुबा, आमा, दाजु भाई तथा दिदीवहिनीहरुमा हार्दिक आभार व्यक्त गर्दछु।

नेपालको संविधान २०७२ ले आत्मसात गरेको संघीय शासन प्रणाली अनुरुप तीन तहको सरकार मध्ये जनताको सबैभन्दा नजिकको सरकार अर्थात गाउँ-गाउँमा सिंहदरबारको रुपमा परिचित स्थानीय सरकार सञ्चालन भएको ६ वर्ष पुरा भई ७ वर्षमा प्रवेश गरेको सन्दर्भमा हामी यहाँ अगामी आ.व. ०८०/८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न यहाँहरु माझँमा उपस्थित भएका छौं। यो छैठौ वर्षमा स्थानीय सरकार संचालन गर्न सहयोग पुऱ्याउनु हुने सम्पूर्ण गाउँबासी, जनप्रतिनिधिहरु, कर्मचारीहरु, राजनैतिक दलका प्रतिनिधिहरु, नागरिक समाज, शिक्षकहरु, पत्रकारहरुमा म हृर्दयदेखि नै धन्यवाद दिन चाहन्छु। प्रजातान्त्रिक, लोकतान्त्रिक एवम् गणतान्त्रिक आन्दोलनमा सहादत्त प्राप्त गर्ने ज्ञात-अज्ञात शहिदहरु प्रति श्रद्धासुमन व्यक्त गर्न चाहन्छु।

स्थानीय सरकारको दोस्रो कार्यकालको पहिलो वर्षको अन्त्यमा जनताका अपेक्षा तथा हालसम्मको विकास निर्माण तथा सेवा प्रवाहलाई पक्कै पनि यहाँहरुले मूल्याङ्कन गर्नु भएको छ। मलाई लाग्छ, आम सर्वसाधारण जनताले परिवर्तन महसुस गर्नुभएको छ।

नेपाल सरकारले स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्य विधि (२०७७) FRA तयार गरी सो अनुरुप प्राकृतिक स्रोत तथा वित्तीय आयोगबाट स्थानीय तहमा बजेट बाँडफाँड गर्ने नीति लिए बमोजिम हामीले पनि उक्त परिधिभित्र रही हाम्रो सीमित स्रोत साधनबाट जनताका हजारौं महत्त्वपूर्ण अपेक्षाहरु समेटनुपर्ने चुनौती छ। तथापि गाउँ- गाउँमा सिंहदरबार भन्ने भनाई जस्तै स्थानीय सरकारको अधिकार क्षेत्रभित्र पर्ने सेवाहरुलाई आम जनताको आँगनमा पुऱ्याई सम्पूर्ण गाउँबासीको मन जित्नु पर्ने चुनौती र अवसर समेत हामीलाई प्राप्त भएको अवस्था छ। हालसम्म प्राप्त राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक तथा भौतिक उपलब्धिहरुलाई संस्थागत गर्दै विगतमा भएका कमी कमजोरीहरुलाई सच्याउँदै बाँकी अवधिमा सहकार्य, समन्वयका साथ गाउँपालिकालाई अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्दछौं।

उपस्थित सम्पूर्ण महानुभावहरुः

अब म यस नेत्रावती डबजोङ गाउँपालिकाको चालु आ.व. २०८०/०८१ मा सम्पादन गरिने क्रियाकलापको मुख्य-मुख्य बुँदाहरुलाई छोटकरीको रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- नेत्रावती डबजोङ गाउँपालिका भित्र बसोबास गर्ने नागरिकहरुको मृत्यु भएमा मृत्यु भएका नागरिकको अन्तिम दाहसंस्कार र आफ्नो रीतिरीवाज र परम्परा अनुसार काजक्रिया गर्न गाउँपालिकाबाट प्रत्येक मृतक बराबर रकम रु. १०,०००।– दिने निर्णयलाई निरन्तरता दिएको छु।
- उपभोक्ता समितिबाट संचालन हुने योजनाहरुमा जनश्रमदान २० प्रतिशतबाट १० प्रतिशतमा झारेको छु।
- हरेक वडामा कम्तीमा एक पूर्ण श्रमदान कार्यक्रम लागु गरिने छ।

- प्रधानमन्त्री रोजगारबाट चौतारा, प्रतिक्षालय, गोरेटो बाटो र नाली निर्माण गरिनेछ।
- उपभोक्ता समितिबाट हुने कार्यलाई प्रभावकारी बनाउन उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितिलाई पुरस्कृत तथा कदरपत्रले सम्मान गरिने नीतिलाई निरन्तरता दिइनेछ।
- आन्तरिक राजश्वको श्रोत खोजी लागु गरिनेछ।
- संघिय सरकारको नीति तथा कार्यक्रममा कोखदेखि शोकसम्म भन्ने नारा अनुरुप गर्भ रहेदेखि सुनौलो १००० दिनका बालबालिकालाई वृद्धि अनुगमन गर्दा पोषण सामग्री वितरण गर्ने गर्भवतीलाई पोषण सामग्री तथा भत्ता वितरणलाई निरन्तरता दिने, सुत्केरीलाई दिदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिने र गाउँपालिका भित्र रहेका दिर्घरोगीलाई दिदै आएको उपचार खर्चलाई निरन्तरता दिने, आकश्मिक रुपमा बिरामी तथा दुर्घटनामा परेकाहरुलाई एम्बुलेन्स तथा यातायात खर्च दिइने छ ।
- आर्युवेद सेवालाई निरन्तरता दिई आर्युवेद सेवामा गाउँपालिकाका सबै जनसमुदायको पहुँचको व्यवस्था मिलाइनेछ।
- अस्पतालमा रहेका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई परिचालन गरी त्रैमासिक रुपमा गाउँपालिका भित्रका ज्येष्ठ नागरिकहरुको नि:शुल्क स्वास्थ्य जाँच घुम्ती सेवालाई निरन्तरता दिएको छु । साथै अस्पतालबाट गुणस्तरीय सेवा प्रदान गर्ने व्यवस्था मिलाएको छु।
- महिला स्वास्थ्य स्वयंसेविका, गाउँघर क्लिनिक, खोप क्लिनिक, आधारभूत स्वास्थ्य केन्द्र तथा स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार सुदृढिकरण, औजार उपकरण औषधिको व्यवस्था, स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि, दक्ष स्वास्थ्यकर्मी व्यवस्था, स्वास्थ्यकर्मीहरुलाई पुरस्कार तथा उत्प्रेरणाको व्यवस्था, स्वास्थ्यमा सुचना संचार प्रणालीको व्यवस्था लगायत विभिन्न स्वास्थ्य कार्यक्रम संचालन गरिनेछ।
- Zero Home Delivery अर्थात पुर्ण संस्थागत सुत्केरी गाउँपालिका बनाउने नीति लिएको छु यसका लागि हाल स्वास्थ्य संस्थामा रहेका बर्थिङ सेन्टरहरुको भौतिक पूर्वाधार सुदृढिकरण, औजार उपकरण तथा आवश्यक मात्रामा औषधि उपलब्ध गराईनेछ।
- सामुदायिक महिला स्वास्थ्य स्वयम्सेविकालाई तालिम, गोष्ठी, बैठक, फिल्डमा गए बापतको यातायात खर्च समेत उपलब्ध गराइनेछ।
- पालिकाभित्र वन क्षेत्रको संरक्षण गर्दै हरेक वर्ष कम्तिमा १००० बिरुवा रोपिनेछ।
- सामुदायिक बन क्षेत्रलाई उत्पादक कार्यसँग जोडिने छ।
- कृषि क्षेत्रको व्यवसायीकरण गर्ने, वडा नं. ३ र ४ लाई गोलभेडा पकेट क्षेत्र बनाउने कार्य अगाडी बढाइने छ। वडा नं. ५ को रिप गाउँलाई सुन्तला पकेटक्षेत्रको रुपमा विकास गरिनेछ साथै कृषिमा उत्पादनमुखी अनुदानको व्यवस्था गरिने छ। साथै उत्कृष्ट कृषक सम्मान कार्यक्रमलाई अगाडी बढाइने छ।

- एक घर एक टनेल कार्यक्रमलाई निरन्तरता दिएको छु।
- उत्पादन साथमा अनुदान हातमा कार्यक्रम अगाडी बढाइने छ।
- गाई भैसीलाई कृत्रिम गर्भधान गर्ने कार्यलाई अगाडी बढाइनेछ।
- एन्टीरेबिज भ्याक्सिन, टि. टि भ्याक्सिन नि:शुल्क वितरण गरिनेछ।
- बादर नियन्त्रण कार्यक्रमलाई प्राथमिकता दिई अगाडी बढाइनेछ।
- रिचार्ज पोखरी र प्लाष्टिक पोखरी निर्माण कार्यलाई अगाडी बढाइने छ।
- गैरादेखि ताङ्जोमाने सम्मको क्षेत्रमा जडीबुटी तथा चियाखेतीको अध्ययन अनुसन्धान कार्य अगाडी बढाइने छ।
- वाका कप तथा अध्यक्ष कपलाई निरन्तरता दिएको छु। साथै खेलकुद मैदान निर्माणलाई प्राथमिकतामा राखिने छ।
- पढाईसँगै सिप सृजना गर्ने उदेश्यले मा.वि / उ.मा.वि. का विद्यार्थीलाई उचित किसिमको तालिमको व्यवस्था गरिनेछ।
- गाउँपालिकाबाट M.B.B.S अध्ययनरत विपन्न, दलित तथा जेहेन्दार विद्यार्थीलाई वार्षिक रुपमा रु. १ लाखको दरले दिने ब्यवस्था मिलाइनेछ।
- विद्यालयहरुको हालको आवश्यकता र निरन्तरता सम्बन्धी अध्ययन गरिनेछ।
- वडा वडामा महिला सशक्तिकरण कार्यक्रम संचालन गरिनेछ। साथै उपाध्यक्षसँग महिला कार्यक्रम अगाडी बढाइनेछ।
- तामाङ समुदायहरुको रितिरिवाज तथा साँस्कृतिकलाई प्रबर्द्धनको गर्नको लागि प्रत्येक वडामा ल्होसार कार्यक्रमको थालनी गरिने छ।
- तामाङ संग्रालय निर्माण तथा तामाङ भाषाको खोज तथा अनुसन्धान गरिने छ।
- विषयगत शाखाबाट संचालन गरिएको कार्यक्रममा सम्बन्धित वडासँग समन्वय गरेर कार्यक्रम संचालन गरिने व्यवस्था मिलाइनेछ। साथै गाउँपालिकाभित्र आवश्यकताको आधारमा मात्र डि पी आर गर्ने व्यवस्था मिलाएको छु।
- स्थानीयहरुको परम्परा पेशलाई संरक्षण र व्यवसायिकरण गर्न आवश्यक आर्थिक सहयोग, अनुदान तथा थप तालिमको व्यवस्था गरिने छ। जस्तै ठेक्की बनाउने, स्यामा, टोपी, स्विटर, गादो बुन्ने आदि।
- पानी घट्टलाई संरक्षण गरिनेछ।

- स्थानीय आरन, बाजा, बाद्य बाधन आदिको संरक्षण गरिने छ।
- गाउँपालिकाको भवन निर्माण कार्य सम्पन्न भएकोले सेवाग्राहीहरुलाई एउटै ढोकाबाट सेवा प्रदान गर्न सक्ने गरी कार्यालय व्यवस्थापन गरी गाउँपालिकाबाट प्रदान गरिने सेवालाई पारदर्शी, जवाफदेही र जनउत्तरदायी बनाइने छ।
- गाउँपालिकाभित्र एकीकृत सम्पति कर लगाई करको दर कम र दायरा फराकिलो बनाई प्रगतिशिल करको आवधारणा अनुसार आय वृद्धिमा प्रतिबद्ध भई अगाडी बढाइने छ।
- स्थानीय परम्परागत मदिरालाई ब्रान्डिङ तथा कानुनी मान्यता दिने सन्दर्भमा अन्य पालिकाको अनुभव अध्ययन गरिने छ। गाजा खेतीको पालिकाभित्र के-कस्तो भविष्य छ भनी अध्ययन गरिने छ।
- गाउँपालिकाभित्र सडक पहुँचलाई सहज बनाउन हाल संचालनमा रहेका सम्पुर्ण सडकलाई धुलो कम हिलोमुक्त बनाइने छ। मुख्य सडकहरुलाई कालोपत्रे गर्दे लगिने साथै रिङरोड निर्माणमा जोड दिइने छ।
- सामाजिक सुरक्षा भत्ता वितरण पारदर्शी गर्न बैकिङ्ग प्रणालीबाट नियमित भुक्तानी दिने व्यवस्था मिलाएको छु। साथै विगतका सम्पूर्ण व्यक्तिगत घटना दर्ता Digitization गरी तत्पश्चात् ब्यक्तिगत घटना दर्ता सबै वडाहरुमा अनलाइन मार्फत् सेवा प्रवाह हुने व्यवस्था मिलाएको छु। सामाजिक सुरक्षामा थप नागरिकको अपनत्व अभिवृद्धि गर्न अपाङ्ग परिचय पत्र घुम्ती सेवा प्रवाह मार्फत् वितरण गरिएको छ। बैंकिङ प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण कार्य झनै प्रभावकारी बनाइने छ र नागरिकको सहतालाई विशेष ध्यान दिइनेछ।
- गाउँपालिकाको गतिविधि पारदर्शी तथा पहुँच योग्य र समय सापेक्ष विद्युतीय मैत्री सुशासन कायम गर्न राजस्व संकलनमा रिम्स सफ्टवेयर प्रयोग गर्ने कार्य अगाडी बढाइने छ। दर्ता-चलानी र योजना सफ्टवेयर मार्फत् अगाडि बढाइने छ। साथै सबै वडाहरु, स्वास्थ्य संस्थाहरुमा Internet तथा Intranet को क्षमता विस्तार गरि सेवा प्रवाह गरिने छ।
- गाउँपालिकाको अद्यावधिक तथ्यांक अनलाइन गर्ने उद्धेश्यले Digital Profile तयार गरिएको छ। यसले आवधिक योजना, बजेट निर्माण तथा मध्यकालिन खर्च संरचना निर्माणमा टेवा पुग्ने विश्वास लिएको छु।
- खानेपानीको समस्या समाधान गर्ने उदेश्यले संचालित एक घर एक धारा कार्यक्रम सफलतापूर्वक अगाडि बढिरहेको र आगामी आ.व.मा समेत यसलाई निरन्तरता दिन भर्याङभुरुङ, दामोदर देउतास्थान, लिफ्टिङ खानेपानी तथा सिचाई काम अगाडि बढाइनेछ।
- गरीब तथा बिपन्न महिलाहरुलाई स्वास्थ्य चौकीबाट नि:शुल्क सेनेटरी प्याड वितरण गरिनेछ।
- दलित तथा विपन्न ग र घ वर्गको अपाङ्गता भएका व्यक्तिलाई सिप विकासको व्यवस्था गरिने छ।

- गाउँपालिकालाई नमुना पर्यटकीय पालिकाका रुपमा विकास गर्न हेराहा ताल संरक्षणार्थ पदमार्ग निर्माण, वाका राहा, डबजोङ दरबार, ताङ्जोमाने, बोलिजोङघङ गुम्बा, भञ्याङभुरुङ बिन्दुकेशर मन्दिर, महाविर चुली, गोर्कणेश्वर मन्दिर, निरञ्जना मन्दिर, वागभैरव मन्दिर, सप्तकन्या मन्दिर, पञ्चकन्या मन्दिर, सिंहदेवी मन्दिर, गुम्पाङ चैत्य, सेल्ले थुम्का मन्दिर, सुनकन्या हजारे मन्दिर, बनझाँक्री गुफा, टिकाढुङ्ग चोदेनमाने, टिकाढुङ्ग हिमरुङमाने, नेनमचेत, इकपचेत, सप्तकन्या मन्दिर सेल्ले, रण महादेवश्वर शिव मन्दिरलगायतको स्थानलाई पर्यटकीय गन्तव्यका रुपमा स्थापित गर्न आवश्यक पूर्वाधार विकास गरिने छ। साथै विन्दुकेशर मन्दिरमा भक्तहरुलाई स्नान गर्न कपडा फेर्ने घरको निर्माण गरिने छ।
- चरङ्गे, कटुञ्जे, थर्पु र भोक्टेनी पौवालाई पुरातत्त्व विभागसँग सहकार्य गरी खोज तथा पुर्ननिर्माण गरिने कार्यलाई अगाडी बढाइने छ।
- गाउँपालिकाभित्रका युवाहरुलाई स्वरोजगार बनाउनको लागि प्लम्बिङ, ईलेक्ट्रिसियन र कुकिङ्ग तालिमको व्यवस्था मिलाइने छ।
- कर्मचारीहरुलाई आफ्नो काम प्रति तटस्थ र प्रतिबद्ध बनाउने छु। हरेक काममा पारदर्शी जवाफदेही र उत्तरदायी बनाई आफ्नो काममा कट्टीबद्ध बनाउन कर्मचारीहरुलाई प्रोत्साहन गर्नको लागि सर्वोत्कृष्ट तथा उत्कृष्ट कर्मचारीलाई निश्चित मापदण्डको आधारमा सम्मान गरिने छ ।
- नेत्रावती डबजोङ गाउँपालिकामा खरिदलाई पारदर्शी बनाउनको लागि सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुरुप यस गाउँपालिकाको खरिद ऐन तथा नियमावली तयार गरिनेछ।
- गाउँपालिकामा हालसम्म भएका रणनीतिक योजनाहरु, विभिन्न कानून, कार्यविधि र मापदण्ड के कति छन् ? तिनको कार्यान्वयन अवस्थाको अध्ययन गरिनेछ।
- अन्त्यमा गाउँपालिकाको नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि सम्पूर्ण जनप्रतिनिधि ज्यूहरु, कर्मचारीहरु, शिक्षक, विद्यार्थी, अभिभावक, सरकारी निकायहरु, राजनीतिक दलहरु, सामाजिक संघ संस्थाहरु, वित्तीय तथा सहकारी, साझेदारी संस्था, नागरिक समाज लगायत सम्पूर्ण शुभेच्छुकहरुको सद्भाव सहभागिता, सहयोग रहने छ, भन्ने पूर्ण विश्वास लिएको छु, नीति तथा कार्यक्रम, बजेट निर्माण र यसको प्रभावकारी कार्यान्वयन मार्फत विकासका लक्ष्य हासिल गर्न रचनात्मक सहयोगको निरन्तर अपेक्षा राख्दै सम्पूर्ण पालिकाबासी एवम् सबै सरोकारवालालाई हार्दिक धन्यवाद एवम् आभार प्रकट गर्दछु।

मेघनाथ रिजाल
अध्यक्ष
नेत्रावती डबजोङगाउँपालिका
धन्यवाद

नेत्रावती डबजोङ गाउँपालिकाको आर्थिक ऐन २०८०

गाउँसभाबाट पारित मिति २०८०/०३/३१

नेत्रावती डबजोङ गाउँपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावना:

नेत्रावती डबजोङ गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम नेत्रावती डबजोङ गाउँपालिका गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

क) यस ऐनको नाम "आर्थिक ऐन,२०८०" रहेको छ।

ख) यो ऐन २०८० साल श्रावण १ गते देखि नेत्रावती डबजोङ गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति कर:** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम घर जग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. **घर बहाल कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसुचि (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय कर:** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत व मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७. **सवारी साधन कर:** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगइने र असूल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **विज्ञापन कर:** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा भएको अवस्थामा सोही बमोजिम हुनेछ।

९. **मनोरञ्जन कर:** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१०. **बहाल बिटौरी शुल्क:** गाउँपालिका क्षेत्रभित्र आफ्नो निर्माण रेखदेख वा सञ्चालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **पार्किङ शुल्क:** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराएवापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **सेवा शुल्क दस्तुर:** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूचि (११) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. **पर्यटन शुल्क:** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूचि (१२) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१४. **फोहोरमैला व्यवस्थापन शुल्क:** गाउँपालिकाको फोहोर मैला व्यवस्थापन गरे वापत अनुसूचिमा उल्लेखित दरमा शुल्क लगाइने र असूल उपर गरिनेछ।

१५. **कर छुट करका दर घटाउन, बढाउन वा छुट दिन सक्ने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार यो ऐन बमोजिम लगाइएका दस्तुर, शुल्क, महसुल, जरिवाना र करका दर घटाउन बढाउन वा त्यस्ता दस्तुर, शुल्क, महसुल, जरिवाना र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ।

१६. **कर तथा शुल्क सम्बन्धि कार्यविधि:** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ।

१७. जरिवाना सम्बन्धि व्यवस्था:

क) गाउँपालिकाको विषयगत शाखा, वडा तथा अन्य कार्यालयबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनु पर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाई सेवासँग आबद्ध गरी अनिवार्य असूल उपर गरी सेवा प्रवाह

गर्नुपर्नेछ। गाउँपालिकाले प्रदान गर्नुपर्ने कुनै पनि सेवा प्रवाह गर्नु पूर्व निज करदाताले गाउँपालिकालाई तिर्नुपर्ने कर तिरेको कुरा पुष्टि गर्ने कागजात अनिवार्य रुपमा संकलन गर्नुपर्ने छ।

ख) उपदफा (१) बमोजिम सेवाग्राहीले बुझाउनु पर्ने कर, शुल्क, दस्तुर तथा जरिवाना नलिई कुनै पनि कर्मचारी वा जनप्रतिनिधिहरुले सेवा प्रदान गरेमा सो वापतको कर, शुल्क, दस्तुर तथा जरिवाना सहितको रकममा त्यति नै रकम थप गरी निज जिम्मेवार कर्मचारी तथा पदाधिकारीसँग गाउँपालिकाले असूल उपर गर्नेछ।

१८. **जरिवाना तथा सजाय:** यस ऐन बमोजिम आफ्नो कर्तव्य पालना गर्ने सिलसिलामा गाउँपालिकाको कर्मचारी तथा जनप्रतिनिधिलाई बाधा विरोध गरेमा वा अन्य कुनै रुपमा यस ऐनको कार्यान्वयनमा बाधा विरोध गरेमा सो कार्य गर्ने व्यक्तिलाई भौतिक क्षति भएको बाहेक रु. ५ हजार रुपैया देखि १ लाख रुपैया सम्म जरिवानाको सजाय हुनेछ।

१९. पुरस्कार र सुराकी खर्चमा व्यवस्था:

क) कुनै व्यक्तिले आफ्नो करको दायित्व सम्पुर्ण वा केही अंश छलेको वा छल्ने कोशिस गरेको प्रमाण सहितको सूचना दिने व्यक्तिलाई त्यस्तो सूचनाको आधारमा असूल उपर गरिएको करको रकम मध्ये निजले पेश गरेको प्रमाणबाट निर्धारण भए जतिको कर रकमको २० प्रतिशत बराबरको रकम गाउँ प्रमुखको निर्णयले पुरस्कार दिन सकिनेछ।

ख) उपदफा (१) बमोजिम पुरस्कार पाउने व्यक्ति एक भन्दा बढि भएमा पुरस्कारको रकम समानुपातिक रुपमा दिइनेछ।

ग) उपदफा (१) बमोजिमको सूचना दिने व्यक्तिका नाम, थर र वतन गोप्य रखिनेछ।

घ) यस दफा बमोजिमका सुविधा गाउँपालिकाको कर्मचारी तथा जनप्रतिनिधिको हकमा लागु हुने छैन।

२०. गत आ.व. हरुमा बुझाउन बाँकी मालपोत कर आ.व. २०८०/०८१ बुझाउन आएमा पहिले वर्ष १०%, दोस्रो वर्ष १५%, तेस्रो वर्ष २०% र चौथो वर्ष देखि माथि ३०% थप जरिवाना लाग्ने छ।

२१. करदातालाई यस ऐन बमोजिम लाग्ने दस्तुरको २० प्रतिशत थप जरिवाना लाग्नेछ। गत आर्थिक वर्षको कर चालु आर्थिक वर्षको पौष मसान्त भित्र बुझाएमा कुनै पनि जरिवाना लगाइने छैन।

२२. **अन्य व्यवस्था:** यो ऐनमा व्यवस्था भए बमोजिम बाहेकको अन्य सेवा र सुविधाको करको दायरा निर्धारण गर्न परेमा गाउँ कार्यपालिकाको बैठकले निर्णय गरे बमोजिम हुनेछ। सो करको दरलाई लगत्तै बस्ने गाउँसभा समक्ष अनुमोदनका लागि पेश गर्नुपर्ने छ।

२३. **बाधा अड्काउ फुकाउने अधिकार:** यो ऐनको कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिका प्रमुखले राजश्व परामर्श समितिको सिफारिसमा त्यस्तो बाधा अड्काउ फुकाउन गाउँकार्यपालिका समक्ष आवश्यक निर्णय लिन सक्नेछ। त्यस्तो आदेश जारी भए पछी तत्काल बसेको गाउँसभा समक्ष अनुमोदनका लागि पेश गर्नुपर्ने छ।

अनुसूची-१

ऐनको दफा २ सँग सम्बन्धित (घरजग्गा कर)

घरजग्गा कर:आ.व. ०८०/८१ श्रावण १ गतेबाट घरजग्गा कर प्रभावकरी रुपमा कार्यान्वयन गरिने छ। घरजग्गा करको मूल्यांकन आधार र दररेट निम्नानुसार छ।

मूल्याङ्कनको आधार:

क. **जग्गा तर्फ:** मालपोत कार्यालय धादिङले रजिष्ट्रेशन पास प्रयोजन निमित्त गाउँक्षेत्रमा निर्धारण गरेको न्युनतम दररेटलाई न्युनतम दररेट कायम गरी जग्गाको मूल्यांकन गरिनेछ। सो भन्दा माथि दररेट राखी स्वघोषणा गर्ने करदाताको सोही घोषित दररेटमा मूल्यांकन गरिनेछ।

ख. **घर तथा भौतिक संरचना तर्फ:** घरजग्गा कर निर्धारण प्रयोजनका लागि घर तथा भौतिक संरचनाहरुको मूल्यांकन दररेट देहाय बमोजिम वा स्वघोषणा अनुसार देहायको दररेटमा कम नहुने गरी मूल्यांकन गरिनेछ।

प्रकार	ह्रास कट्टी दर प्रतिशत	दररेट (प्रति वर्ग फिट) ०८०/८१
आर.सि.सि. फ्रेमस्टक्चर	१	१२००
सिमेन्ट जोडाइ इट्टा वा ढुंगाको गारो र आर.सि.सि. छाना भएका घरहरु	२	१०००
माटोको जोडाइ इट्टा वा ढुगाको गारो र आर.सि.सि. छाना भएका घरहरु	३	९००
सिमेन्ट जोडाइ इट्टा, ढुगा वा ब्लकको गारो जस्ता छाना भएका घरहरु	२	८५०
माटोको जोडाइ इट्टा, ढुगा वा ब्लकको गारो जस्ता छाना भएका घरहरु	३	८००
सिमेन्ट जोडाइमा इट्टा वा ढुंगाको गाह्रो भई टायलको छाना भएका घरहरु	२	७५०
काठको घरहरु	५	७००
ट्रस्टको घरहरु	४	६५०

घर जग्गाको दर

क्र.सं.	मूल्यांकन रकम (रु. मा)				आ.व. २०८०/८१ घर जग्गा कर रु. वार्षिकमा
१	रु. १	देखि	५ लाख	सम्म	१५०
२	रु. ५ लाख १	देखि	१० लाख	सम्म	२००
३	रु. १० लाख १	देखि	१५ लाख	सम्म	२५०
४	रु. १५ लाख १	देखि	२० लाख	सम्म	३००
५	२० लाख १	देखि	३० लाख	सम्म	४००

क्र.सं.	मूल्यांकन रकम (रु. मा)				आ.व. २०८०/८१ घर जग्गा कर रु. वार्षिकमा
६	३० लाख १	देखि	४० लाख	सम्म	५००
७	४० लाख १	देखि	५० लाख	सम्म	६००
८	५० लाख १	देखि	८० लाख	सम्म	८००
९	८० लाख १	देखि	१ करोड	सम्म	११००
१०	१ करोड १	देखि	१ करोड ५० लाख	सम्म	३०००
११	१ करोड ५० लाख १	देखि	२ करोड	सम्म	४०००
१२	२ करोड १	देखि	३ करोड	सम्म	५०००
१३	३ करोड १	देखि	५ करोड	सम्म	६०००
१४	५ करोड १	देखि	माथिको मूल्यांकनमा	सम्म	७०००

घरजग्गा कर निर्धारणका लागि करदाताले तोकिएको ढाँचामा घरको प्रकार र जग्गाको विवरण खुलाउनु पर्नेछ। करदाताले विवरण पेश गर्दा आफ्नो सबै विवरण नखुलाई पेश गरेको कर विवरण अनुसार कर तिरेको भएता पनि सो कुरा पछि जानकारी हुन आएमा लुकाएको घर जग्गाको विवरण पुन: समावेश गरी कर तिर्न आएकोमा त्यस्ता सम्पत्तिलाई पुरानो विवरणमा नै समावेश गरी सम्पत्ति मूल्यांकन गरी कर निर्धारण हुने कर रकम बराबर जरिवाना थप गरी कर असूल गरिनेछ।

घरजग्गा कर लागू हुनु पूर्वको कर नबुझाएकोमा विगत देखि असुल उपर गर्नुपर्दा र आगामी आ.व. मा घरजग्गा कर निम्न अनुसार लगाउने। घरगोठ समेत भएको जग्गा बढीमा १ रोपनी सम्मको घरजग्गा करमा उल्लेख भए बमोजिमको कर निर्धारण हुने र बाँकी जग्गामा भुमिकर लगाइने छ।

अनुसूची-२

ऐनको दफा ३ सँग सम्बन्धित (भुमिकर)

जग्गाको क्षेत्रफल	ईकाई	खेत				पाखोजग्गा			
२० रोपनी सम्म	प्रतिरोपनी	१५	१३	११	९	१४	१२	१०	८
२० रोपनी देखि ४० रोपनी सम्म	प्रतिरोपनी	२०	१८	१६	१४	१८	१६	१४	१२
४० रोपनी भन्दा माथि	प्रतिरोपनी	२५	२३	२१	१९	२३	२१	१९	१७

अनुसूची-३

ऐनको दफा ४ सँग सम्बन्धित (घरबहाल कर)

क) गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, सेड, जग्गा वा पोखरी वा अन्य सम्पत्ति पुरै वा आंशिक रुपमा व्यवसायिक वा निजी प्रयोजनले बहाल दिएकोमा बहाल अंकको १० प्रतिशतको दरले सम्बन्धित धनीबाट बहाल कर संकलन गरिनेछ।
तर जग्गा भाडामा लिएर कृषि गरेको खण्डमा ५ प्रतिशत मात्र कर लगाइने छ।

अनुसूची-४
ऐनको दफा ५ सँग सम्बन्धित (व्यवसाय कर)

१. व्यवसाय कर:

क्र. सं.	शिर्षक	दर
		आ.व. २०८०/०८१
१	होटल, लज, रेष्टुरेन्ट, बार, क्याफे, भोजनालय, मिष्ठान भण्डार	
	क) खाना नास्ता	४००
	ख) खाना नास्ता मदिरा समेत	११००
	खाना नास्ता लज मदिरा समेत	
	क) ५ कोठा सम्म लज	१६००
	ख) ठूला होटल, रिर्सोट तथा लज समेत	५१००
२	सुनचाँदी रत्न आभुषण पसल	
	सुनचाँदी रत्न आभुषण पसल	३१००
	रत्न आभुषण मात्र	२६००
३	टेलरिङ व्यवसाय	
	क) सटिङ सुटिङ जेन्स (कपडा सहित)	११००
	ख) टेलरिङ व्यवसाय	६००
४	सैलुन	६००
५	ब्युटि पार्लर	
	क) ब्युटि पार्लर	६००
	ख) ब्युटि पार्लर तालिम समेत दिने	११००
६	कम्प्युटर व्यवसाय सम्बन्धि	
	क) कम्प्युटर बिक्री	११००
	ख) कम्प्युटर मर्मत	११००
७	टि.भि. फ्रिज, ए.सी. बिक्री	२१००
८	टि.भि. फ्रिज, ए.सी. मर्मत	२१००
९	रेडियो, मोबाइल, टेलिफोन, क्यालकुलेटर, घडी, क्यासेट अडियो भिडीयो बिक्री	११००
१०	रेडियो, मोबाइल, टेलिफोन, क्यालकुलेटर, घडी, क्यासेट अडियो भिडीयो मर्मत	११००
११	जुत्ता पसल (स्थानीय उत्पादन)	६००
१२	जुत्ता पसल (थोक बिक्रेता)	१६००
१३	जुत्ता पसल (खुद्रा बिक्रेता)	११००
१४	थोक बिक्रेता (किराना पसल)	२१००
१५	डिलर सप (किराना पसल)	२६००

क्र. सं.	शिर्षक	दर आ.व. २०८०/०८१
१६	खुद्रा बिक्रेता (किराना पसल)	११००
१७	औषधी पसल (एलोपेथिक, होमोपेथिक, आयुवेर्दिक)	
	क) थोक बिक्रेता	२१००
	ख) खुद्रा बिक्रेता	११००
१८	चस्मा पसल	११००
१९	क्लिनिक तथा ल्याव	१६००
२०	बिजुली पसल खुद्रा बिक्रेता	११००
२१	भाडा पसल	११००
२२	फर्निचर फर्निसिङ	२१००
२३	पेट्रोल पम्म	१०१००
२४	ग्यास थोक बिक्रेता	११००
२५	साईकल रिक्सा मर्मत	६००
२६	मोटर साईकल बिक्री तथा मर्मत (Showroom)	५१००
२७	अटोमेकानिकल (बस, जिप, कार, टेक्टर पार्टस मर्मत)	३१००
२८	पशुपंक्षि आहार उद्योग	५१००
२९	फन पार्क, मनोरञ्जन प्रयोजन	२१००
३०	लेखापरिक्षक	
	क) श्रेणीलाई	३१००
	ख) श्रेणी	२६००
	ग) श्रेणी	२१००
	घ) श्रेणी	१६००
३१	बैंक, फाइनान्स, वित्तिय संस्थाहरु	
	क) क वर्गको बैंक वा वित्तिय संस्था	४१००
	ख) ख वर्गको बैंक वा वित्तिय संस्था	३६००
	ग) ग वर्गको बैंक वा वित्तिय संस्था	३१००
	घ) घ वर्गको बैंक वा वित्तिय संस्था	२६००
	यस गाउँपालिका भित्रका बैंक तथा वित्तिय नाफा मूलक संस्थाहरुले सामाजिक उत्तरदायित्व अन्तर्गत लगानी गर्नुपर्ने रकम यस गाउँपालिका क्षेत्रभित्र गर्नुपर्ने छ।	
३२	सहकारी नयाँ दर्ता	६००
३३	निजी शिक्षालय सञ्चालन स्वीकृती	
	क) क्याम्पस	२१००

क्र. सं.	शिर्षक	दर
		आ.व. २०८०/०८१
	ख) मा.वि.	१६००
	ग) आ.वि.	११००
	घ) पूर्व प्राथमिक ३ कक्षा सम्म	६००
३४	ब्लक, रिङ, टायल र तारबार पोल उद्योग	३१००
३५	मदिरा बिक्रेता	
	क) मदिरा इजाजत पत्र शुल्क	२५१००
	ख) मदिर थोक बिक्रेता	५१००
	ग) मदिरा खुद्रा बिक्रेता	२६००
३६	सिरक डसना बिक्री	११००
३७	फर्निचर उद्योग, फर्निचर सो रुम, स:मिल	५१००
३८	फर्निचर उद्योग	३१००
३९	ग्रील सटर उद्योग	२१००
४०	मिल (कुटानी, पिसानी)	१६००
४१	होल्डर कुटानी पिसानी मिल	११००
४२	चिउरा, भुजा, चामल उद्योग	१६००
४३	पोल्ट्री फर्म, कालिज फर्म लगायत सोही प्रकृतिका	११००
४४	बधसाला (फ्रेस हाउस)	११००
४५	तरकारी, फलफुल तथा साग सब्जी बिक्रेता पसल	६००
४६	ईट्टा, ढुंगा, बालुवा तथा संकलन (डिपो)	५१००
४७	युवा क्लब, आमा समूह लगायत नाफा बिहिन समूह दर्ता	६००
४८	स्टेशनरी पसल खुद्रा बिक्रेता	६००
४९	कपडा पसल फेन्सी पसल	११००
५०	निर्माण व्यवसायी	
	क) क श्रेणी	५००००
	ख) ख श्रेणी	४००००
	ग) ग श्रेणी	३००००
	घ) घ श्रेणी	३००००
५१	घ वर्ग निर्माण व्यवसायी इजाजत दर्ता र नविकरण	
	क) दर्ता	३००००
	ख) नविकरण	७५००
	ग) जरिवाना (कार्यविधिमा तोकिए बमोजिम)	२०००

क्र. सं.	शिर्षक	दर
		आ.व. २०८०/०८१
	घ) प्रतिलिपि	२०००
	ङ) नामसारी	२००००
५२	क) रासायनिक मल	१०००
	ख) विउ विजन, किटनाशक औषधी	५००
	ग) दाना चल्ला, बिक्री भेटेनरी समेत	१५००
५३	एग्रोभेट	१०००
५४	मेशीनरी सामान, बेरिङ रिपेरिङ तथा बिक्री (मोटर, जनेरेटर आदि)	१५००
५५	रेमिटेन्स सेवा क श्रेणी	२०००
५६	कृषि/पशु फर्म समूह	५००
५७	सहकारी संस्था (दर्ता एवं नविकरण पनि व्यवसाय कर सरह लाग्ने)	७००
५८	पशुपञ्क्षी मृत्यु प्रमाणित सिफारिस	नि:शुल्क

२. यस गाउँपालिका भित्र रहेका उद्योग धन्दा तथा कलकारखानामा लगाउने स्थायी कर:

क्र.सं.	विवरण	इकाई	रकम
			आ.व. २०८०/०८१
१	क्रसर उद्योग साना (वार्षिक)	प्रति उद्योग	१,००,०००
२	सार्वजनिक नदी खोला किनारका ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, माटो चुनढुंगा स्लेट उत्खनन् संकलन बिक्री तथा निकासी	प्रति वर्ग फिट	प्रदेश सरकारबाट तोकिए बमोजिम

सिफारिस नि:शुल्क व्यवस्था:

१. अपाङ्गता भनि व्यक्तिगत अपाङ्गताको सिफारिस गर्दा
२. विपद परेको भनि राहतका लागि सिफारिस गर्दा
३. नसर्ने कडा तथा असाध्य रोगको नि:शुल्क उपचारको लागि विपन्न भनि सिफारिस गर्दा
४. विपन्न र एकल महिला सिफारिस गर्दा

१. व्यवसाय नविकरण तर्फ

क	(फर्म/समूह/कम्पनी/व्यवसायको नविकरण गर्दा सम्बन्धित व्यवसाय दर्ता शुल्कको ५० प्रतिशत बराबर लाग्नेछ।

अनुसूची-५
जडीबुटी, कवाडी र जीवजन्तु कर

शिर्षक	करको दर रु.
हाड प्रति गोटा	१०
सिङ प्रति गोटा	१०
प्वाँख प्रति गोटा	१
छाला प्रति गोटा	५०

अनुसूची- ६

सवारी साधन कर

सि.नं.	सवारीको किसिम	दर रु.
१	हलुका सवारी साधन	०
२	हेभी सवारी साधन	०
३	डोजर	०

अनुसूची-७
(ऐनको दफा ८ सँग सम्बन्धित विज्ञापन कर)

विज्ञापन करको दर वार्षिक

१. साइनबोर्ड प्रति वर्ग फिट रु. १५०
२. ब्यानर बढीमा एक महिना सम्मको लागि प्रति गोटा रु. ५०

अनुसूची-८
(ऐनको दफा सँग सम्बन्धित मनोरञ्जन कर)

सिनेमाहल भिडियो हल साँस्कृतिक प्रदर्शन हलको प्रवेश शुल्कमा रु. १ का दरले मनोरञ्जन कर लगाउने।

अनुसूची-९
ऐनको दफा १० सँग सम्बन्धित

बहाल बिटौरी कर

गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका हाट बजार वा पसल सार्वजनिक स्थल ऐलानी जग्गा वा सार्वजनिक बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति वर्ग फिट रु. १०० सम्म मासिक बहाल बिरौटी लिने।

अनुसूची-१०
(ऐनको दफा ११ सँग सम्बन्धित)

पार्किङ स्थलमा सवारी पार्किङ गरे वापत लिइने पार्किङ शुल्क

क्र.सं.	विवरण	प्रतिदिन प्रति १ घण्टा २ देखि ४ घण्टा ४ घण्टा भन्दा बढी
		आ.व. २०८०/०८१
१	बस, ट्रक लगायत ठुला सवारी साधन	०
२	कार/जिप/भ्यान	०
३	मोटर साइकल	०

अनुसूची – ११
(ऐनको दफा १२ सँग सम्बन्धित)
गाउँपालिका क्षेत्र भित्र लगाउने सेवा शुल्क दस्तुरको दर
तपशिल

१. सेवा शुल्क

सि.नं.	सेवाको किसिम	कैफियत	आ.व. २०८०/०८१
१	पक्की घरको सर्जमिन मुचुल्क वापत		५००
२	अन्य सबै प्रयोजनको सर्जमिन मुचुल्का वापत		३००
३	अचल सम्पत्ति मूल्यांकन (बैंकिङ, बैदेसिक प्रयोजन)		०.१६%
४	रकम कलम उठाए दिए वापत सय कडा		१०.००%
५	निजी विद्यालयको दर्ता सिफारिस शुल्क	उ.मा.वि.	१५००
		मा.वि.	१२००
		आ.वि.	१०००
६	मिलापत्र शुल्क (दुबै पक्ष सँग आधा-आधा)		३००
७	टो.वि.स. दर्ता शुल्क/नविकरण		२००/२००
८	स्थलगत प्राविधिक सेवा शुल्क		१०००
९	नागरिकता सर्जमिन मुचुल्का शुल्क		३००
१०	कृषि/पशुपंक्षी जन्य व्यवसाय दर्ताको सर्जमिन मुचुल्का		३००
११	ब्याक होलोडर प्रयोग शुल्क		
१२	तेल सहित प्रति घण्टा गा.पा. भित्र		२९००
१३	इन्धन बाहेक प्रति घण्टा गा.पा.भित्र		१३००
१४	एक्साभेटर तेल सहित प्रति घण्टा गा.पा.भित्र		६०००
१५	एक्साभेटर इन्धन बाहेक प्रति घण्टा गा.पा.भित्र		२०००
१६	ब्रेकर तेल सहित प्रति घण्टा गा.पा.भित्र		७०००

सि.नं.	सेवाको किसिम	कैफियत	आ.व. २०८०/०८१
१७	ब्रेकर इन्धन बाहेक प्रति घण्टा गा.पा.भित्र		३०००
१८	ट्याक्टर तेल सहित प्रति घण्टा जोत्न खन्ने कार्य बाहेक सामान ढुवानीको लागि मात्र गा.पा.भित्र		१०००
१९	ट्याक्टर इन्धन बाहेक प्रति घण्टा जोत्न खन्ने कार्य बाहेक सामान ढुवानीको लागि मात्र गा.पा.भित्र		६००
२०	टयाक्टर भाडामा मासिक रुपमा ईन्धन बाहेक		८००००

सेवा शुल्क, दस्तुर

सि.नं.	राजश्वका क्षेत्रहरु	दर
क)	घर जग्गा नामसरी सिफारिस	रु. ५००/-
ख)	मोही लागत कट्टा सिफारिस	रु. ५००/-
ग)	घर कायम सिफारिस	रु. ५००/-
घ)	छात्रवृत्ति सिफारिस	नि:शुल्क
ङ)	विपन्न विद्यार्थी छात्रवृत्ति सिफारिस	नि:शुल्क
च)	अपाङ्ग सिफारिस	नि:शुल्क
छ)	अस्थायी बसोबास सिफारिस	रु. ५००/-
ज)	स्थायी बसोबास सिफारिस	रु. २००/-
झ)	नागरिकता र प्रतिलिपि सिफारिस	रु. २००/-
ञ)	अंगिकृत नागरिकता सिफारिस	रु. ५००/-
ट)	आर्थिक अवस्था सम्पन्नता सिफारिस	रु. १०००/-
ठ)	आर्थिक अवस्था विपन्नता सिफारिस	नि:शुल्क
ड)	विद्युत जडान सिफारिस	रु. २००/-
ढ)	धारा जडान सिफारिस	रु. २००/-
ण)	जीवित रहेको सिफारिस	रु. २००/-
त)	दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस वा फरक जन्म मिति संशोधन सिफारिस	रु. २००/-
थ)	जग्गा मूल्यांकन सिफारिस वा प्रमाणित	मूल्यांकनको ०.१६%
द)	व्यवसाय बन्द सिफारिस	रु. २००/-
ध)	व्यवसाय संचालन नभएको सिफारिस	रु. २००/-
न)	व्यापार व्यवसाय नभएको सिफारिस	रु. २००/-
प)	कोर्ट फि मिनाहा सिफारिस	नि:शुल्क
फ)	नाबालक परिचय पत्र सिफारिस	रु. २००/-

सि.नं.	राजश्वका क्षेत्रहरु	दर
ब)	चौपाय सम्बन्धि सिफारिस	रु. २००/-
भ)	व्यवसाय दर्ता सिफारिस	रु. ५००/-
म)	उद्योग ठाउँ सारी सिफारिस	रु. ५००/-
य)	विद्यालय ठाउँ सारी सिफारिस	रु. २००/-
र)	आन्तरिक बसाई सराई सिफारिस	रु. २००/-
ल)	विद्यालय संचालन स्वीकृत	रु. २०००/-
व)	कक्षा वृद्धि सिफारिस	रु. १०००/-
श)	व्यक्तिगत विवरण सिफारिस	रु. २००/-
ष)	जग्गा दर्ता सिफारिस	रु. ५००/-
स)	संरक्षक सिफारिस व्यक्तिगत	रु. २००/-
ह)	संरक्षक सिफारिस संस्थागत	रु. ५००/-
क्ष)	नेपाल सरकारको नाममा बाटो कायम सिफारिस	रु. ५००/-
त्र)	जीवित सँगको नाता प्रमाणित	रु. २००/-
ज्ञ)	मृतक सँगको नाता प्रमाणित	रु. २००/-
क)	कोठा खोल्ने कार्य वा रोहबरमा बस्ने कार्य	नि:शुल्क
ख)	नि:शुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस	नि:शुल्क
ग)	संस्था दर्ता सिफारिस	रु. ५००/-
घ)	घर बाटो प्रमाणित	रु. ५००/-
ङ)	चार किल्ला प्रमाणित	रु. ३००/-
च)	जन्म प्रमाणित	रु. २००/-
छ)	विवाह प्रमाणित	रु. २००/-
ज)	घर पाताल प्रमाणित	रु. २००/-
झ)	कागज वा मंजुरिनामा प्रमाणित	रु. २००/-
ञ)	हकवाला वा हकदार प्रमाणित	रु. २००/-
ट)	अविवाहित प्रमाणित	रु. ५००/-
ठ)	जग्गा रेखांकनको कार्य वा सो कार्यमा रोहबर	रु. ५००/-
ड)	जग्गा धनी पुर्जा हराएको सिफारिस	रु. २००/-
ढ)	पुर्जामा घर कायम सिफारिस	रु. ५००/-
ण)	अंग्रेजी सिफारिस तथा प्रमाणित	रु. ५००/-
त)	मिलापत्र कागज वा उजुरी दर्ता	रु. १००/-
थ)	व्यक्तिगत घटना दर्ता	३५ दिन सम्म नि:शुल्क त्यसपछि रु. २००

सि.नं.	राजश्वका क्षेत्रहरु	दर
द)	घर नक्सा पास	
	क) नक्सा पास निवेदन फारम दस्तुर	रु. ७००/-
	ख) पक्का घर र पर्खाल समेत प्रति वर्ग फिट दस्तुर	रु. ९/-
	ग) कच्ची घर पर्खाल समेत प्रति वर्ग फिट दस्तुर	नि:शुल्क
	घ) गाउँपालिका हुनु भन्दा अगाडी निर्माण गरेको नक्सा पास गर्दा मापदण्ड अनुरुप निर्माण भएमा मात्र प्रति वर्ग फिट दस्तुर	रु. ८/-
ध)	कन्सुलर विभागमा जाने सिफारिस प्रमाणित	रु. ५००/-
न)	कृषि शाखामा विषादी लिन आउने कृषकलाई टिकट शुल्क	रु. २०/-
प)	पशु शाखामा औषधी लिन आउने कृषकलाइ टिकट शुल्क	
	क) कुखुराप्रजाति	रु. ५
	ख) भेडा/ बाख्रा	रु. १०
	ग) सुंगुर/ बंगुर	रु. १०
	घ) गाई / भैसी	रु. २०
	ङ) कुकुर /खरायो	रु. २५
	च) गोबर परिक्षण	रु. १०
	छ) अन्य	रु. १०
फ)	संघ र प्रदेशबाट योजना माग सिफारिस	रु. ५००
ब)	गाउँपालिकाबाट बाहिर प्राविधिक ईस्टिमेट	रु. १०००
भ)	माथि उल्लेखित बाहेक अन्य	रु. २००/-

योजना खाता वापत २ प्रतिको लागत शुल्क रु. ३००/- लाग्नेछ । गाउँसभाबाट स्वीकृत भई कार्यान्वयन हुने आयोजना संचालन गर्न गठित उपभोक्ता समितिहरुले गाउँपालिकामा उपभोक्ता समिति दर्ता गर्न लाग्ने शुल्क:

१. कुल लागत रु. ३ लाख सम्मको आयोजना रु. ५००/-
२. खण्ड (१) भन्दा बढी लागत भई रु. ५ लाख सम्मको लागत आयोजना रु. १०००/-
३. खण्ड (२) भन्दा बढी लागत भई रु. १० लाख सम्मको लागत आयोजना रु. २०००/-
४. खण्ड (३) भन्दा बढी लागत भई रु. २० लाख सम्मको लागत आयोजना रु. २५००/-
५. खण्ड (४) भन्दा बढी लागत भई रु. ४० लाख सम्मको लागत आयोजना रु. ३५००/-
६. खण्ड (५) भन्दा बढी लागत भई रु. ६० लाख सम्मको लागत आयोजना रु. ४५००/-
७. खण्ड (६) भन्दा बढी लागत भएका आयोजना रु. ६०००/-

अनुसूची-१२

ऐनको दफा १३ सँग सम्बन्धित पर्यटन शुल्क

प्रदेश कानूनले तोके बमोजिम हुनेछ ।

नेत्रावती डबजोङ गाउँपालिकाको विनियोजन ऐन,२०८०

नेत्रावती डवजोङ गाउँपालिका, धादिङको आर्थिक बर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति : २०८०/०३/३१

प्रस्तावना : नेत्रावती डवजोङ गाउँपालिका, धादिङ २०८०/८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम नेत्रावती डवजोङ गाउँपालिका, धादिङको गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ : (**१) यस ऐनको नाम "नेत्रावती डवजोङ गाउँपालिका, धादिङको विनियोजन ऐन" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८०/८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार : (**१) आर्थिक वर्ष २०८०/८१ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ४०,२६,४६,३८५.२६ (अक्षेरुपी रुपैयाँ चालिस करोड छब्बिस लाख छयालिस हजार तिन सय पचासी पैसा छब्बिस मात्र |) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३ . **विनियोजन : (**१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/८१को निमित्त नेत्रावती डवजोङ गाउँपालिका, धादिङको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

नेत्रावती डबजोङ गाउँपालिकाको आ.ब. २०८०/०८१ को बजेट वक्तब्य

यस नेत्रावती डबजोङ गाउँपालिकाको गाउँ सभाका सभाध्यक्ष ज्यू, प्रमुख अतिथि, बिशेष अतिथि, उपस्थित सम्पुर्ण अतिथिगण, गाउँसभाका सदस्यहरु, यस नेत्रावती डबजोङ गाउँपालिकाका राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, सम्बन्धित बिषयगत निकायका कर्मचारीहरु, पत्रकार साथीहरु, नागरिक समाजका प्रतिनिधिहरु, गैर सरकारी संस्थाका प्रतिनिधि तथा कर्मचारी, बिभिन्न समुह, सहकारी संघ संस्थाबाट पाल्नु भएका सम्पूर्ण प्रतिनिधिहरु, सुरक्षाकर्मी, महिला, दलित, अपाङ्ग, जेष्ठ नागरिक, लगायत बिभिन्न तह र क्षेत्रबाट यस सभामा पाल्नुभएका बिद्धान बर्ग एवं सम्पूर्ण दाजुभाई तथा दिदी बहिनीहरु।

यस नेत्रावती डबजोङ गाउँपालिका ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक धार्मिक तथा पर्यटकीय महत्वका दृष्टिले अत्यन्त सवल सम्भावना बोकेको भएतापनि समग्र आर्थिक, सामाजिक विकासलाई अघि बढाउन हाम्रा सामु केही चुनौतीहरु पनि छन्। डबजोङ दरबार, वाकाराहा, महाभिर चुली, विन्दुकेशर महादेव, ताङ्जोमाने, हेराहा ताल, चमेरो गुफा, लोङीई खुङ गुफा, चिलिङ्जो, ज्यम्पल दोर्जे डुब्खाङ बौद्ध दर्शन अध्ययन केन्द्र, बोलिजोगङ मिनी बुद्ध पार्क, अष्ठ चैत्य, सातकन्या देवी, बाघ भैरव मन्दिर, घाटु नाच स्थल, अकला देवी मन्दिर, आँखुखोला जस्ता प्राकृतिक तथा धार्मिक स्थलहरु यस क्षेत्रका सम्भावनाका श्रोतहरु हुन।

सभाका अध्यक्षज्यू,

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले निम्न दस्तावेजहरुलाई आधारको रुपमा लिएको छु।

१. नेपालको संविधान
२. स्थानीय सरकार संचालन ऐन, २०७४
३. राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
४. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
५. संघीय र प्रदेश सरकारले जारी गरेको नीति, कानुन र मापदण्डहरु
६. स्थानीय तह बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा हस्तान्तरण सम्बन्धी निर्देशिका २०७४
७. संघीय तथा प्रदेश सरकारका आवधिक विकास योजनाहरु
८. गाउँपालिकाको आन्तरिक श्रोत साधन
९. वडा कार्यालयहरुबाट प्राथमिकता निर्धारण भै आएका योजना तथा कार्यक्रमहरु
१०. गाउँपालिकाद्वारा आयोजित अन्तर्किया, छलफलबाट प्राप्त सुझावहरु
११. संघ र प्रदेश सरकारले अबलम्बन गरेका आर्थिक नीतिहरु
१२. विभिन्न साझेदार संस्थाहरुसँग भएका सहकार्यको प्रतिबद्धता आदि।
१३. संघीय तथा प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण सम्बन्धी मार्गदर्शन।

सभाका अध्यक्षज्यू,

अब म आगामी आर्थिक बर्षको बजेटको उद्देश्य प्राथमिकता तथा आय-व्ययको विवरण प्रस्तुत गर्न चाहन्छु ।

उद्देश्य

- गाउँपालिकाको गुरुयोजना बमोजिम भौतिक पूर्वाधारको विकास गर्ने ।
- दिगो विकासका लक्ष्य पूरा गर्ने ।
- रोजगारी, उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।
- उपलब्ध श्रोत र साधनको सन्तुलित र न्यायोचित वितरण गर्ने ।
- शिक्षा, स्वास्थ्य तथा सामाजिक कल्याणमा गाउँपालिकाको भूमिका बढाउने ।
- सुशासनको प्रत्याभुति गराउने ।

प्राथमिकता

- दिगो र वातावरणमैत्री सडक स्तरोन्नतीको कार्य सम्पन्न गर्ने ।
- खानेपानीको पहुँच विस्तार गरी एक घर एक धारा निर्माण गर्ने ।
- उद्यमशिलताको अभिवृद्धि गरी स्वरोजगार सृजना तथा उपलब्ध श्रोत र साधनको उच्चतम प्रयोग गरी रोजगारी र उत्पादनमा वृद्धि गरी आर्थिक विकास गर्ने ।
- नागरिकको जीवन रक्षात्मक कार्यहरुमा जोड दिने ।
- कृषिमा व्यावसायीकरण, औद्योगिकरण गर्न सरकारी, सहकारी र नीजि क्षेत्रको सहकार्यमा जोड दिने ।
- आन्तरिक पर्यटकको आर्कषक गन्तव्य बनाउनुका साथै स्थानीय उत्पादनको प्रयोग तथा अर्गानिक उत्पादनमा जोड दिने ।
- शिक्षा, स्वास्थ्य, स्वच्छ वातावरण जस्ता क्षेत्रमा गाउँबासीको सरल पहुँच पुऱ्याउने ।

उपस्थित सम्पुर्ण महानुभाबहरु,

अब म यस नेत्रावती डबजोङ गाउँपालिकाको आ.ब. २०८०/०८१ को वजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

यस आर्थिक वर्षका लागि कूल रकम रु. ४० करोड २६ लाख ४६ हजार ३ सय ८५ रुपैया २६ पैसा बजेट प्रस्तुत गरेको छु । जस मध्ये आयका स्रोत यस प्रकार रहेको छ ।

१. नेपाल सरकार बाट प्राप्त अनुदान

क) वित्तीय समानीकरण रु. ९ करोड २६ लाख

ख) शसर्त अनुदान (चालु) रु. ११ करोड ८८ लाख

(ग) शसर्त अनुदान (पुँजीगत) रु. ६० लाख

(घ) समपूरक अनुदान रु. ८० लाख

(ङ) राजस्व वाडँफाँड रु. ६ करोड ११ लाख ८८ हजार ६ सय

(च) विशेष अनुदान रु. १ करोड १५ लाख

२. बागमती प्रदेश सरकार बाट प्राप्त अनुदान

(क) वित्तीय समानीकरण रु. ९० लाख ३९ हजार

(ख) राजस्व बाडँफाँड (सवारी साधन करतर्फ) रु. १ करोड ६३ लाख ४४ हजार ३ सय ७५ रुपैया ६६ पैसा

(ग) राजस्व बाडँफाँड (घरजग्गा रजिष्ट्रेशन शुल्क) रु. १० लाख

(ग) समपुरक अनुदान रु. २ करोड

(घ) विशेष अनुदान रु. १ करोड

(ङ) सशर्त अनुदान (चालु) रु. ३३ लाख ३४ हजार

(च) सशर्त अनुदान (पुँजीगत) रु. १ करोड ५० लाख

३. आन्तरिक आम्दानीबाट अनुमानित बजेट रकम रु. ५० लाख ४० हजार

४. गाउँपालिकाको संचित कोष मौज्दात अनुमानित रकम रु. २ करोड २७ लाख ८२ हजार ९ सय १० रुपैया २६ पैसा

५. स्थानीय राजश्व बाँडफाँड (दहत्तर बहत्तर) रु. ५ लाख

६ आन्तरिक श्रोत नगद जनसहभागिता रु. १५ लाख १७ हजार ५ सय

यसरी आ.ब. २०८०/०८१ मा कूल ४० करोड २६ लाख ४६ हजार ३ सय ८५ रुपैया २६ पैसा बराबरको आय हुन सक्ने भनि सोहि रकम बराबरको वजेट प्रस्तुत गरेको छु । यस बजेटमा सामाजिक सुरक्षा भत्ता वापतको रकम समावेश गरिएको छैन ।

यसमा बिभिन्न सरकारी तथा गैर सरकारी सघं संस्थाहरुले सञ्चालन गर्ने कार्यक्रमहरुको खर्च समाबेश गरिएको छैन । यस सम्मानित गाउँसभा मार्फत ती संस्थाहरुको कार्यक्रम पारित गरिएपछि गाउँ कार्यपालिकाको बैठक मार्फत उक्त रकम सार्वजनिक गरिने छ ।

आदरणीय दाजुभाई तथा दिदी बहिनीहरु,

अव म आ.व.२०८०।८१ मा हुने सम्पूर्ण व्यय तर्फको बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु,

१) चालु तर्फः

